वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

धरान, नेपाल

B. P. Koirala Institute of Health Sciences

Dharan, Nepal

Ref. No. ३५१/०८३/०८४

मिति : २०८३/०४/२७

मेडिकल अफिसर पदको संसोधित विज्ञापन सम्बन्धी सूचना ।

प्रतिष्ठानको विभिन्न विभागहरूको लागि आवश्यक मेडिकल अफिसर पद करार सेवामा पदपूर्तिको लागि प्रतिष्ठानबाट मिति २०८३/०४/२५ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको २१ (एक्काईस) दिनको सूचना अनुसारको बिज्ञापनमा संलग्न बमोजिम संसोधन गरिएको व्यहोरा निर्णयानुसार सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

सागर कुमार ताम्रकार
का.मु. सह-रजिष्ट्रार

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान,धरानको

आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:२०८३/०४/२५ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका)

यस प्रतिष्ठानको विभिन्न विभागहरूको लागि आवश्यक मेडिकल अफिसर पद करार सेवामा पदपूर्ति गर्नुपर्ने हुंदा देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, नेपाल मेडिकल काउन्सिलको (म्याद कायम रहेको) दर्ता प्रमाणपत्रको प्रष्ट बुझिने Scan Copy संलग्न गरी सूचना प्रकाशित मितिले २१ दिनभित्र प्रतिष्ठानको Web Site: vacancy.bpkihs.edu मा उल्लेख भए बमोजिम Online आवेदन दिन सम्बन्धित सबैलाई जानकारी गराइन्छ । रीत नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

(क) पद, आवश्यक संख्या तथा न्यूनतम योग्यता:

क्र. सं.	पद	आवश्यक संख्या	न्यूनतम योग्यता
१.	**मेडिकल अफिसर:** (कार्डियो थोरासिक एण्ड भास्कुलर सर्जरी, जेनरल प्राक्टिस एण्ड इमर्जेन्सी मेडिसीन, कार्डियोलोजी, एनेस्थेसियोलोजी एण्ड क्रिटिकल केयर, ग्यास्ट्रो इन्टेरोलोजी एण्ड हेपाटोलोजी, पेडियाट्रिक्स र पल्मोनरी क्रिटिकल केयर एण्ड स्लिप मेडिसिन विभाग आदि ।)	केही	मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उतिर्ण गरेको हुनुपर्ने ।

(ख) सेवाको किसिम : करार सेवा

(ग) परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता परीक्षा ।

(घ) लिखित परीक्षा मिति : २०८३।०५।२७ गते शनिबार, बिहान १०:०० बजे देखि

(ङ) परीक्षाको अंकभार : लिखित परीक्षा ७५% र अन्तर्वार्ता परीक्षा २५% (लिखित परीक्षा १०० पूर्णाङ्कको हुनेछ)

(च) उमेरको हद : दरखास्त फारम भर्ने अन्तिम मिति सम्ममा पुरूषको हकमा ३५ बर्ष र महिलाको हकमा ४० बर्ष ननाघेको ।

१. तलव तथा अन्य सुविधा प्रतिष्ठानको नियमानुसार हुनेछ । करारनामामा उल्लेख भए बाहेकको थप सुविधा उपलब्ध हुने छैन ।

२. सरकारी वा गैह्र सरकारी कार्यालय, शिक्षण संस्थामा काम गरिरहेका उम्मेद्वारहरूले सम्बन्धित कार्यालयको विभागीय स्वीकृति अनिवार्य पेश गर्नु पर्नेछ ।

३. दरखास्त फारम तथा परीक्षा दस्तुर: रू.२,२५०/०० सनराइज बैंक लिमिटेड, धरानको चल्ती खाता नं.००३१०२५१४७७०१८ मा जम्मा गरेको भौचर को Scan Copy दरखास्त साथ Upload गर्नु पर्नेछ ।

४. दरखास्त भर्ने अन्तिम मिति: २०८३।०५।१४ गते तथा दोब्बर दस्तुर तिरी मिति: २०८३।०५।२१ गते सम्म

५. अन्तर्वार्ता परीक्षा मिति पछि प्रतिष्ठानको Website मार्फत प्रकाशन गरिनेछ ।

६. थप जानकारीको लागि प्रतिष्ठानको वेवसाइट www.bpkihs.edu, सूचना पाटी साथै प्रतिष्ठानको कर्मचारी प्रशासन शाखामा सम्पर्क राख्नुहोला वा E-mail Id.:vacancy@bpkihs.edu मा जानकारी गराउनु होला ।

७. बिदेशी विश्वविद्यालयबाट उत्तिर्ण गरेका उम्मेद्वारहरूको हकमा अनिवार्य रूपमा समकक्षता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

८. Submit गरेको Online Form स्वीकृत वा अस्वीकृत भएको जानकारी सम्बन्धितको E-mail मा प्राप्त हुनेछ । साथै admit card user Id बाट download गरी print गर्न सकिने छ । बिज्ञापन सम्बन्धि केही संशोधन भएमा सोको समेत website मार्फत नै जानकारी गराइने छ । Online application सम्बन्धमा जानकारी आवश्यक परे ९८४२०३१००५ मा सम्पर्क गर्न सकिने छ ।

९. मेडिकल अफिसरहरूलाई प्रतिष्ठानमा आवास सुविधा उपलब्ध हुने छैन ।

का.मु. सह-रजिस्ट्रार